# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा अन्तरक्रिया कार्यक्रममा सहभागिता तथा सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि.को वित्तीय कारोबार शुभारम्भ



**नेपाल राष्ट्र बैंकका सामु आन्तरिक र बाह्य चुनौती**

गभर्नर डा. चिरंजीबि नेपालले देशमा वित्तीय क्षेत्रको विकास र यसको स्थायित्वका लागि नेपाल राष्ट्र बैंक अर्थात केन्द्रीय बैंकको अधिकार कुण्ठित हुन नहुने बताउनु भयो । संविधानको मस्यौदामा बैंक तथा वित्तीय संस्थाहरू प्रदेशको सूचीमा रहेको प्रसंग उठाउँदै उहाँले विश्व वित्तीय बजार नै एक आपसमा जोडिएको बर्तमान अवस्थामा देशभित्र एउटै नियमनकारी निकायको नियन्त्रण र सुपरिवेक्षकीय दायरामा बैंक तथा वित्तीय संस्था रहनुपर्ने उल्लेख गर्नु भयो । उक्त कुरा उहाँले नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयको अवलोकन भ्रमणका क्रममा साउन १४ गते आयोजित कार्यक्रममा बताउनु भएको हो ।

उक्त अवसरमा उहाँले नेपाल राष्ट्र बैंकले हाल आन्तरिक रूपमा भूकम्पबाट ध्वस्त आफ्नो मुख्य भवनलगायतका भौतिक संरचनाको पुनर्निर्माणमा ध्यान दिनु परेको र अर्कोतिर वित्तीय स्थायित्वका निम्ति बैंक तथा वित्तीय संस्थाको सुदृढीकरण कार्यमा लाग्नु परेको उल्लेख गर्नुभयो । हालै जारी मौद्रिक नीतिका माध्यमबाट पनि देशमा सुदृढ वित्तीय क्षेत्रका लागि पुंजी वृद्धि लगायतका अन्य अन्तर्राष्ट्रिय रूपमै प्रचलित अभ्यास ल्याइएको कुरा उहाँले बताउनु भयो । सानो पुँजीका बैंक तथा वित्तीय संस्थाबाट आर्थिक वृद्धिलाई टेवा पुऱ्याउने खालको ठूला परियोजनालाई वित्तीय स्रोत जुटाउन नसकिने हुनाले पुँजी वृद्धिको निर्णय लिइएको जानकारी दिनुहुँदै उहाँले यो नीति लागु तोकिएको समय सीमाभित्रै कार्यान्वयन हुने बताउनु भयो । उहाँले ग्रामीण क्षेत्र, साना उद्योग, शहरी विकास लगायतका महत्वपूर्ण विषयहरू मौद्रिक नीतिमा समेटिएकोले यसको कार्यान्वयनमा सबै सरोकारवालाहरू प्रतिबद्ध भई लाग्नु पर्ने बताउनु भयो । भूकम्पपछि बैंकले प्रदान गरेको सेवा र निर्वाह गरेको भूमिकाको प्रशंसा गर्दै जनताको आत्मविश्वास बढाउन गरिएको यो कार्यमा कर्मचारीहरूको भूमिकाको सराहना गर्नुभयो । एक अर्को प्रसंगमा कर्मचारीहरूसँग कुनै समस्या वा युनियनसँग कुनै गुनासा भए छलफलबाटै हल गरिने आश्वासन समेत गभर्नर डा. नेपालले दिनुभयो ।

## सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि., हाँसपोसा, सुनसरीको वित्तीय कारोबार शुभारम्भ



गभर्नर डा. चिरंजीबि नेपालले सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि., हाँसपोसा, सुनसरीको २०७२ साउन १५ गते वित्तीय कारोवार शुभारम्भ गर्नुभयो । सो अवसरमा उहाँले देशको ग्रामीण विकास र गरिब जनतालाई सेवा पुऱ्याउने लक्ष्यले खोलिएको यस संस्थाबाट न्यून आय भएका जनताको आर्थिक क्रियाकलाप वृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

भूकम्पका कारण गत आर्थिक वर्षमा आर्थिक वृद्धि लक्ष्य अनुरूप हुन नसके तापनि यस वर्ष पुनर्निर्माण, औद्योगिक क्षेत्रमा सुधार, कृषिको उत्पादनमा वृद्धि भई ६ प्रतिशत आर्थिक वृद्धि संभव रहेको बताउनु भयो ।

लघुवित्तका सन्दर्भमा उहाँले सानो पुँजी हुँदैमा जिम्मेवारी तथा उद्देश्य सानो नहुने भएकोले कार्यक्षेत्र विस्तार गर्दै अगाडि बढ्न सुझाव दिनुहुँदै उहाँले गरिब जनतालाई सम्पन्न बनाउन यस संस्थाले योगदान पुऱ्याउन सकोस् भन्ने कामना गर्नुभयो । हालैको मौद्रिक नीतिमा लघुवित्त क्षेत्रको विकास र सुदृढीकरणका लागि ऋणको सीमा वृद्धि, नियमन र सुपरिवेक्षणका लागि छुट्टै सुपरिवेक्षण निकायको स्थापनाका सम्बन्धमा कानुन बनाउने जस्ता नीति ल्याइएको बताउनु भयो ।

## गभर्नर डा. नेपाल पूर्वाञ्चल विश्वविद्यालयद्धारा आयोजित कार्यक्रममा

गभर्नर डा. नेपालले पूर्वाञ्चल विश्वविद्यालयबाट धनकुटाको हिलेमा आयोजित MBA Orientation Program मा Key Note Speaker को रूपमा बोल्नु हुँदै नेपालमा उद्यमशील बन्नेभन्दा पनि जागिर खोज्ने प्रवृत्ति रहेकाले उद्यमशीलताको विकास गर्नु पर्ने आवश्यकता रहेको विचार व्यक्त गर्नुभयो । विश्वव्यापिकरण र उदारिकरणको युगमा सिर्जनशिल एवं उद्यमशील व्यक्तिहरू नेपालमा मात्र नभई विश्व बजारमा समेत काम गर्न सक्ने विश्वास व्यक्त गर्नुहुँदै उहाँले MBA Program ले Job Seeker नभई Job Creator को रुपमा व्यक्तिहरू उत्पादन गर्ने धारणा राख्नुभयो ।

**२०७२ साउन १८, सोमबार**

**गभर्नरको कार्यालय**